## नेपाल विद्युत प्राधिकरणका, नेपाल भरमा रहेका कार्यालयहरुमा बि.सं.२०८० सालमा दिईने सार्वजनिक, पर्व बिदाहरु :-

### १. वर्षभरिका शनिवार बिदा

क) बैशाख-२, ९, १६, २३, ३० (५ दिन)
ख) जेठ- ६, १३, २०, २७ (४ दिन)
ग) असार- २, ९, १६, २३, ३० (५ दिन)
घ) साउन- ६, १३, २०, २७ (४दिन)
ङ) भदौ- २, ९, १६, २३, ३० (५ दिन)
च) असोज- ६, १३, २०, २७ (४दिन)
छ) कार्तिक- ४, ११, १८, २५ (४ दिन)
ज) मङ्सिर- २, ९, १६, २३, ३० (५ दिन)
झ) पौष- ७, १४, २१, २८ (४ दिन)
ञ) माघ- ६, १३, २०, २७, (४ दिन)
ट) फाल्गुन- ५, १२, १९, २६(४ दिन)
ठ) चैत्र- ३, १०, १७, २४ (४ दिन)

### २.पर्व बिदाहरु:-

२.१ मुलुक भरी सार्वजनिक विदा हुने पर्वहरु :

क) नव वर्ष- बैशाख १ गते शुक्रबार ।

ख) राई, लिम्बू, याक्खा, सुनुवार, लगायतका किराँत समुदायको उभौली पर्व, चण्डी पूर्णिमा (बैशाख पूर्णिमा)- बैशाख २२ गते शुक्रबार ।

ग) रक्षाबन्धन- भदौ १४ गते बिहीवार ।

घ) श्रीकृष्ण जन्माष्टमी -भदौ २० गते बुधबार ।

ङ) घटस्थापना- असोज २८ गते आईतवार ।

च) दशै बिदा-कार्तिक ४ गते शनिबार देखि कार्तिक ९ गते बिहिबारसम्म (फूलपातीदेखि द्वादशीसम्म) ।

छ) तिहार बिदा -कार्तिक २६ गते आईतबार देखि कार्तिक ३० गते बिहिबार सम्म ।

-लक्ष्मी पूजा -कार्तिक २६ गते आईतबार

-म्हपूजा , नेपाल संवत् प्रारम्भ, गोवर्द्धन पूजा-कार्तिक २८ गते मंगलबार ।

-भाइटीका/किजा पूजा-कार्तिक २९ गते बुधबार ।

ज) छठ पर्व- मंसिर ३ गते आईतबार ।

झ) इसाई धर्मावलम्वीहरुको पर्व क्रिसमस डे (डिसेम्बर २५ तारिख)- पौष ९ गते सोमबार ।

ञ) किराँत समुदायकोको उधौली पर्व, योमरी पुन्हि-ज्यापू दिवस(धान्य पूर्णिमा)- पौष १० गते मंगलबार

ट) तमू ल्होसार- पौष १५ गते आइतबार ।

ठ) माघी पर्व /माघे संक्रान्ति -माघ १ गते सोमबार ।

ड) सोनम ल्होसार- माघ २७ गते शनिबार ।

ढ) महाशिवरात्री, फाल्गुन २५ गते शुक्रबार ।

ण) हिमाली आदिबासी जनजातीरुले मनाउने ग्याल्पो ल्होसार- फाल्गुन २८ गते सोमबार ।

त) इस्लाम धर्मावलम्वीहरुको पर्व ईद ( ईद उल फित्र ) का दिन ।

थ) इस्लाम धर्मावलम्वीहरुको पर्व बकर ईद (ईद उल अजहा ) का दिन ।

द) फागु पूर्णिमा- हिमाली र पहाडी जिल्ला लगायतका ५६ जिल्लाहरुमा चैत्र ११ गते आइतबार र देहायका तराई जिल्लाहरुमा चैत्र १२ गते सोमबार ।

झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी(बर्दघाट सुस्ता पूर्व), नवलपरासी(बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर ।

**२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक विदा हुने पर्वहरु:**

क) गौरा पर्व- भदौ ७ गते बिहीबार ।

ख) गाई जात्रा- भदौ १४ गते बिहीबार (देशभरका नेवार समुदायका लागि मात्र) ।

ग) सिरुवा पावनीको दिन-सो पर्व मनाउने झापा, मोरङ्ग, सुनसरी, सिरहा, र सप्तरी जिल्लाहरुमा ।

**३. महिला कर्मचारीहरुको लागि मात्र**

क) हरितालिका (तीज)ब्रत- असोज १ गते सोमबार ।

ख) जितिया पर्व- असोज २० गते शनिबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरुको लागि मात्र) ।

**४. जात्रा विदा (काठमाण्डौं उपत्यकालाई मात्र )**

क) गाईजात्रा- भदौ १४ गते बिहीबार ।

ख) इन्द्रजात्रा- असोज ११ गते बिहीबार ।

ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन) ।

घ) घोडे जात्रा- चैत्र २६ गते सोमबार

**५. दिवस बिदा**

**५.१** मुलुकभरि सवैलाई हुने सार्वजनिक विदाहरु :

क) विश्व मजदुर दिवस (मे १) - वैशाख १८ गते सोमबार ।

ख) गणतन्त्र दिवस - जेठ १५ गते सोमबार ।

ग) संविधान दिवस (राष्ट्रिय दिवस) - असोज ३ गते बुधबार ।

घ) जनयुद्ध दिवस- फाल्गुन १ गते मंगलबार ।

ङ) राष्ट्रिय प्रजातन्त्र दिवस - फाल्गुन ७ गते सोमबार ।

च) अर्न्तराष्ट्रिय महिला दिवस (मार्च ८) - फाल्गुन २५ गते शुक्रबार ।

**५.२** अपाङ्गता भएका कर्मचारीहरुको लागि मात्र :

क) अन्तराष्ट्रिय अपाङ्गता दिवस (डिसेम्बर ३)-मंसिर १७ गते आइतबार(नेपाल भित्रका सम्पूर्ण अपाङ्गता भएका कर्मचारीहरुको लागि मात्र) ।

**६) जन्म जयन्ती बिदा**

६.१ मुलुकभरि सवैलाई हुने सार्वजनिक जन्म जयन्ती विदा :

क) वुद्ध जयन्ती- बैशाख २२ गते शुक्रबार ।

ख) पृथ्वी जयन्ती(राष्ट्रिय एकता दिवस)-पौष २७ गते शुक्रबार ।

६.२ सम्वन्धित धर्मावलम्वीहरुका लागि मात्र :

क) फाल्गुनन्द जयन्ती- कार्त्तिक २५ गते शनिबार(किराँत धर्मावलम्वी) ।

ख) मोहम्मद जयन्तीका दिन (नेपाली मुस्लिम धर्मावलम्वीहरुका लागि) ।

ग) गुरु नानक जयन्ती- मंसिर ११ गते सोमबार (नेपाली सिख धर्मावलम्वीहरुका लागि) ।

**७) राष्ट्रिय रुपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरु**

क) जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस - जेठ २१ गते आइतबार ।

ख) सहिद दिवस - माघ १६ गते मंगलबार ।

**८) सार्वजनिक सेवा प्रवाह सम्बन्धी विशेष व्यवस्था**

८.१ प्रकरण २.१ अन्तर्गतका पर्व विदा मध्ये खण्ड (ख)को उभौली पर्व, चण्डी पूर्णिमा (बैशाख पूर्णिमा), खण्ड (ग)को रक्षावन्धन, खण्ड (घ) को श्रीकृष्ण जन्माष्टमी, खण्ड (ङ)को घटस्थापना, खण्ड (झ)को क्रिसमस डे, खण्ड (ञ)को उधौली पर्व, योमरी पुन्हि-ज्यापू दिवस(धान्य पूर्णिमा), खण्ड (ट)को तमू ल्होसार, खण्ड(ठ)को माघी पर्व /माघे संक्रान्ति, खण्ड(ड)को सोनम ल्होसार, खण्ड(ढ)को महाशिवरात्री, खण्ड(ण)को ग्याल्पो ल्होसार खण्ड (त)को ईद(ईद उल फित्र) खण्ड (थ)को बकर ईद(ईद उल अजहा), विदा प्रकरण ४ को जात्रा विदा अन्तर्गतका गाई जात्रा, ईन्द्र जात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा र घोडे जात्रा विदा, प्रकरण ५.१ अन्तर्गतका सार्वजनिक दिवस विदा मध्ये खण्ड(ख)को गणतन्त्र दिवस, खण्ड(घ) को जनयुद्ध दिवस, खण्ड(ङ)को राष्ट्रिय प्रजातन्त्र दिवस, खण्ड(च)को अर्न्तराष्ट्रिय महिला दिवस र प्रकरण ६ को जन्म जयन्ती बिदा अन्तर्गतका, वुद्ध जयन्ती र पृथ्वी जयन्ती(राष्ट्रिय एकता दिवस) विदाका दिनमा देहायका सावजनिक सेवा प्रवाह गर्न सम्बन्धित मन्त्रालय वा निकायले आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

क) नागरिकता सम्बन्धी सेवा

ख) राहदानी सम्बन्धी सेवा

ग) कन्सुलर सम्वन्धी सेवा

घ) भन्सार तथा राजस्व सम्बन्धी सेवा (राजस्व अनुसन्धान समेत)

ङ) क्वारेन्टाइन सम्बन्धी सेवा

च) सवारी अनुमति पत्र, सवारी साधन दर्ता तथा नवीकरण लगायतका यातायात व्यवस्थापन सम्बन्धी सेवा

छ) उद्योग बाणिज्य तथा कम्पनी प्रशासन सम्बन्धी सेवा

ज) बैदेशिक रोजगार सेवा

झ) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सम्बन्धी सेवा

ञ) मालपोत तथा नापी सम्बन्धी सेवा

ट) स्थानीय तहबाट प्रवाह हुने सार्वजनिक सेवा

ठ) भेटेरिनरी सम्बन्धी सेवा

ड) खानेपानी सम्बन्धी सेवा

ढ) विद्युत सम्बन्धी सेवा

ण) सडक तथा ढल मर्मत संभार सम्बन्धी सेवा

त) खाद्य गुणस्तर परीक्षण

थ) विभिन्न निकाय तथा शिक्षण संस्थाबाट सञ्चालन हुने परीक्षा सम्बन्धी कार्यहरु

द) बैदेशिक अध्ययन अनुमति(NOC) सम्बन्धी सेवा

ध) नेपाल प्रहरीबाट प्रदान गरिने चारित्रिक प्रमाणपत्र सम्बन्धी सेवा

न) सम्बन्धित मन्त्रालय वा निकायले तोकेका सार्वजनिक सेवासँग सम्बन्धी अन्य सेवा

प) प्रदेश सरकार तथा स्थानीय तहले तोकेका सार्वजनिक सेवा प्रवाह सम्बन्धी अन्य सेवा

फ) बैङ्किङ्ग तथा बिमा सम्बन्धी अन्य सेवा

८.२ प्रकरण ८ बमोजिम सेवा प्रवाह गर्न खटिने कर्मचारीले त्यसरी खटिए वापत सट्टा विदा पाउनेछन्।

**९) कार्यालय हाजिर हुने र छुट्ने समय**

**क)** नेपाल राज्यभरका नेपाल विद्युत प्राधिकरणका सवै कार्यालयहरुमा बैशाख १ गतेदेखि कार्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत्र मसान्तसम्म विहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म र कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म विहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म हुने ।

**ख)** शुक्रबारको हकमा विहान १० बजेदेखि अपरान्ह ३:०० बजेसम्म हुने ।

द्रष्टव्य:-

क) "आधा दिन" भन्नाले कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तिन महिनाको लागि दिनको १:०० बजे र माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म दिनको १:३० बजेसम्म सम्झनु पर्दछ ।

ख) खाजा समय: कार्यालयको सेवा प्रवाहमा बाधा नपर्ने गरी आलो पालो मिलाई सम्बन्धित कार्यालयले आधा घण्टाको समय तोक्न सक्ने ।

ग) नेपाल विद्युत प्राधिकरणको बार्षिकोत्सव-भाद्र १ गते र विश्वकर्मा पूजा-आश्विन १ गतेका दिन एक समय हाजिरी गरेकोलाई पूरा समय मानिने छ ।

नेपाल सरकारले आकस्मिक विदाको घोषणा गरे बमोजिम समेत यस प्राधिकरणको अति आवश्यक कार्य हुने नोलाईट, इर्मजेन्सी, विद्युत गृह, सवस्टेशन आदिको कार्य यथावत् संचालन हुने गरि नेपाल भरिका नेपाल विद्युत प्राधिकरण कार्यालयहरुमा विदा हुने ।